


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ भदौ १८ गते शुक्रबार ❑ 3 Sept. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## पोखरामा पहिरोले पुरिदा ३ को मृत्यु, ३ वेपत्ता

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**



भदौं १६ गते बेलुका देखि परेको ठुलो वर्षादको कारण पोखरामा पहिरोको कारण ३ जनाको मृत्यु भएको छ भने एकै घर परिवारका आमा छोरा सहित ३ जना वेपत्ता भएका छन्।

पोखरा २० भलाम स्थित र्यालेचौरको बस्ती माथिको जंगल सहितको भाग पहिरो गए पछि पहिरोले स्थानिय ४५ बर्षीय कृष्ण श्रेष्ठ र उनकी श्रीमती करिब ३७ बर्षीया सुनमाया तामाङको मृत्यु भएको प्रहरीले जनाएको छ। उनका करिब ३ बर्षका सन्तोस कुमार श्रेष्ठ पहिरोमा परि वेपत्ता भएका छन भने उनका करिब ९ बर्षका राजकुमार श्रेष्ठको मणिपाल शिक्षण अस्पतालमा उपचार भई रहेको छ। श्रेष्ठ परिवारको घर भन्दा करिब ४ सय मिटर माथिको जंगल सहितको भाग पहिरोको रुपमा आए पछि उनको हाल घर भएको कुनै नाम सिनाना समेन नरहने गरी पहिरोले लगेको पोखरा २० का वडा अध्यक्ष सिम गुरुङले बताए। विहानदेखि वेपत्ता भएका सन्तोसको खोजी घण्टौंसम्म खोजी कार्य गरे पनि हालसम्म उनको अबस्था पत्ता लगाउन नसकिएको उनले जनाए। कृष्णलाई उनको घर भन्दा करिब २ सय मिटर तलको भागमा स्थानियले उद्धार गरी मणिपाल शिक्षण अस्पतालमा पुराए पनि उनको उपचारकै क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। उनका छोरा राजकुमारको स्थानियले उद्धार गरी हाल उनको मणिपालमा उपचार भई रहेको छ। त्यस्तै पोखरा भन्ज्याङका ४२ वर्षीय लक्ष्य नेपालीको मृत्यु भएको घर माथि बाट आएको पहिरोमा परी मृत्यु भएको कास्कीका प्रहरी प्रवक्ता डिएसपी सुवास हमालले जनाए।

त्यसै गरी पोखरा २० भलाम स्थित हरिहर गुफा भन्दा तल्लो क्षेत्र मुलवारीमा एकै घरका आमा छोरा पहिरोमा परि वेपत्ता भएको अध्यक्ष गुरुङले बताए। उनका अनुसार वेपत्ता हुनेहरुमा करिब ३० बर्षीया बिष्णु सार्की र उनका उनका छोरा वेपत्ता भएका छन्। त्यसै गरी बाढी र पहिरोले गर्दा पोखरा सहित कास्कीका धेरै ठाउँमा प्रभावित भएको छ। पोखरा ३ नदीपुरमा गयरातिको बर्षातले गर्दा तीन वटा घरको वरण्डा सहितको पर्खाल र नाला समेत भाषिएको छ। स्थानिय देउ बहादुर पुन, बल बहादुर पुन र छविलाल पुन सहित विर बहादुर पुन सहित ५ घर जोखिममा परेको स्थानियले बताए। पोखरा ३ का वडा अध्यक्ष रविन्सन प्रजुले बाढीले गर्दा पुगेको क्षती न्यूनिकरण गर्न आफुले महानगरसंग समन्वय गर्ने जनाए।

## भिषण वर्षाले वडा न १३ मा रात भरी जागौ

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**



विहीवार विहानी। विहानको ठिक ६ जेको थियो। इन्द्रदाइ अथवा कमलपोखरी टोल विकास संस्थाका अध्यक्ष इन्द्रवहादुर गुरुङको फोन को घण्टी बज्यो। यसो मोवाइल हेर्छु। किन विहानै फोन आयो भन्दै अन्तरनिहित संचार सुरु भयो।

बुढीले फोन उठाउनुहोस न के हेरर बस्नुभएको भनिन्। फोन उठाएको मात्र के थिएँ। भाइ बरबाद भयो कमलपोखरीमा। म यहाँ वसेको ३० वर्ष भयो यति ठुलो पानी जमेको पहिलो पटक देखे। सिग्देल भाइ तुरुन्त आउनुहोस। छिटो हेर्न आउनुहोस। दाइको बोली मेरो लागि फूलको गोली।

जुरुक्क उठेर आफ्नो नृत्य कर्म सकेर ठिक ६:४५ बजे दाइको घर अगाडि पुगेर फोन गरें। दाइ पानी कता हो यहाँ त केही देखीन भन्दै थिएँ दाइले अहिले त सुक्यो होल अल्ली अगाडि जानुहोस भन्नु भयो। हनु पनि एक मिनेट अगाडि बढे कमलपोखरी अगाडि रहेका घरका पहिलो तलो पुरै जलमग्न। वुधवार राती १० बजे देखी परेको पानीले पुरै भाग भरिएर विहीवार दिउँसो सम्म पानीले हिडडुल गर्न गाह्रो भएको स्थानीयवासी दुर्गा कार्कीले पोखरापत्रलाइ वताइन। राती देखी घर माथि बसेर लाइट वाली बसेका व्यक्ति दिउसो सम्म घरवाट वाहिर निस्कने समेत अप्ठारो परेको कार्कीले भनिन्।

हाम्रो घर अगाडि यहाँ सम्म आएको भनेर पानीको डोव देखाए स्थानीयवासीले। कमलपोखरीमा पानी डुवान देखीयो भने उता काहुँखोलाको पुलमा थुनीएर बाटो भरी पानी बग्नाले कतिको दोकानमा नोक्सन पुगेको स्थानीय वासी टंक वरालले वताए। काहुँखोलाको पुलमा थुनीनाले नजिकै रहेको भैसी फर्ममा एउटा लैनो भैसी र सयौ कुखरा अण्डाहरु नष्ट भएका फर्मका संचालक मुकुन्द बाँस्तोलाले पोखरापत्रलाइ वताए।

विहीवार नै जेसिवीले पुलमा थुनीएको काठको मोडा फाले पछि साँझवाट पानी आफ्नै सतहमा वगेको स्थानीयवासी तथा प्रध्यापक किरण सिग्देलले वताए। पुलबाट पानीको निकास हुन थालेपछि कमलपोखरीमा जमेको पानी पनि विस्तारै घट्दै जाने वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले बताए।

## २००४ मा संक्रमण, १६ को निधन

**रासस**
**काठमाडौं, १७ भदौ**

कोरोना भाइरसको सङ्क्रमण आज एकैदिन दुई हजार चार जनामा देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विगत २४ घण्टामा १४ हजार ६५० जनामा परीक्षण गर्दा दुई हजार चार जनामा सङ्क्रमण देखिएको हो। सक्रिय सङ्क्रमित ३३ हजार ९४६ जना रहेका छन्। सङ्क्रमणबाट निको भई आज एक हजार ८४६ जना घर फर्किएका छन्। अहिलेसम्म सात लाख २१ हजार १८२ जना निको भई घर फर्किएका हुन्। बुधबारको तुलनामा निको हुने दर बढेको छ। ९४.१ प्रतिशत निको हुने दर रहेकामा बढेर ९४.२ प्रतिशत पुगेको छ। यस्तै सङ्क्रमणबाट विगत २४ घण्टामा १६ जनाको ज्यान गएको छ। बुधबारभन्दा बिहीबार निधन हुनेको सङ्ख्यामा कमी आएको हो। २० जनाको सङ्क्रमणका कारणले निधन भएको थियो। अहिलेसम्म १० हजार ७८६ जनाको सङ्क्रमणबाट ज्यान गएको छ। नेपालमा प्रतिदश लाखमा ३६३.५ जनाको सङ्क्रमणका कारणले निधन हुने गरेको छ।

यस्तै ५४४ जना सघन उपचार कक्ष, १६६ जना भेन्टिलेटर, ३१ हजार ६१९ होम आइसोलेसन, दुई हजार ३२७ जना संस्थागत आइसोलेसन र ३०२ जना क्वारेन्टिनमा रहेका छन्। नेपालमा सङ्क्रमणको दर १९.५ प्रतिशत रहेको छ। ५०० भन्दाबढी सङ्क्रमित हुने जिल्ला १९ वटा रहेका छन्। आज एक लाख १७ हजारले कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

## शिक्षामा समाजको योगदान : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**




गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले शैक्षिक विकासमा समाजको योगदान उल्लेख्य रहेको बताउनुभएको छ।

पृथ्वीनारायण क्याम्पसको ६२औं वार्षिकोत्सव बिहीबार उद्घाटन गर्दै उहाँले शैक्षिक विकासमा गरिएको लगानीबाट अहिले दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्दै आएको बताउनुभयो। प्रदेश प्रमुख गुरुङले यस क्याम्पसको शैक्षिक एवं भौतिक विकासमा अझै सबैको साथ र सहयोग भए आर्थिक स्रोत न्यून भएका विद्यार्थीका लागि उच्च शिक्षा आर्जन सहज हुनेमा जोड दिनुभयो। क्याम्पस संस्थापक जर्ज जोनले यसको स्थापना एवं सञ्चालनमा तत्कालीन शिक्षाप्रेमीलगायत स्थानीयवासीकोउल्लेखनीयभूमिका रहेको उल्लेख गर्नुभयो। क्याम्पस प्रमुख प्रा डा सरोज कोइराला र व्यवस्थापन सङ्काय प्रमुख डा नीरबहादुर कार्कीले क्याम्पसको गतिविधिमाथि प्रकाश पार्नुभएको थियो। प्रदेश प्रमुख गुरुङले क्याम्पस हातामा स्थापना गरिएको स्मृति भवन पनि अवलोकन गर्नुभएको थियो।

## बाबा आमाको स्मृतिमा रतनपाण्डे माविमा अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ भदौ**



बाबु-आमाले छोराछोरीलाई भुलाउन कथा सुनाउँछन्। पुर्खाका इतिहास बताउँछन्। आफ्ना पालाको पुरानो स्मरण गराउँदै छोराछारी निदाउने सस्कृति बनेको थियो। तर वर्तमान प्रविधि सिकाउन हम्मे पर्छ। किन भने प्रविधि त छोराछोरीले आमा-बाबुलाई सिकाउँछन। एउटा छोराले बाबालाइ मोबाइलवाट फोटो खिच्न सिकाउँछन्। अर्को छोराले आमालाइ मोवाइल उठाउन सिकाउँछन्। आजका बच्चा जन्मनासाथै मोबाइल सिकेर आए जस्तो व्यवहार गर्दछन्। त्यसैले मोबाइल तिनको अभिन्न साथी भइसकेको हुन्छ। त्यस्तो साथीलाई एकैचोटि ऊबाट अलग गर्न खोज्नु प्राकृतिक नियमको सिद्धान्तले पनि प्रतिकूल हुन्छ। यो सत्यतालाइ अभिभावक र शिक्षक दुवैले ध्यान दिन जुरुरी देखीन्छ। हाम्रा बाबा-आमाले खुर्पीठ्याक, बञ्चरो, ढिकी-जाँतो र डाडू-पन्यू खेलाएजस्तै अहिलेका बालबालिकाले मोबाइल, ल्यापटप, ट्याबलेट, आइप्याड चलाउँछन्। यि सवै कुरा थाहा पाएका स्व गुरु प्रसाद र गोमा देवी वराललाइ गुगल अध्ययनले गहिराइमा पुगी सूचना मात्र पाइन्छ तर ज्ञान पाउन विद्यालयमा गएर पुस्तक पढ्नु पर्दछ भनेर छोरा मधुप्रसाद वराललाइ जिस्काउने गर्दथ्ये। हरेक भेटमा बाबा आमाले बाबु मधु पढ्नवाट कोही पनि बन्चित हुनु हुन्न हामीले भएपनि कसैलाइ पढाउनु पर्दछ भन्ने इच्छा आज असल छोरा छारीले पुरा गरिदिएका छन्। आफ्नो समाजमा सवैले पढ्न पाउन पर्दछ भनेर रातदिन चिन्तित रहेका बाबा आमाको इच्छा छोरा मधुको सक्रियतामा विनोद वराल र विन्धेश्वरी वराल गरी तीन जनाले बालवालिकालाइ पढ्नको लागि अक्षयकोष स्थापना गरेका हुन। सोही रकम पोखरा-१३ स्थित रतनपाण्डे माध्यमिक विद्यालयमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीका लागि शिक्षण सिकाइमा सहज पुऱ्याउने उद्देश्यका साथ बिहीबार नगद रु. ६ लाखको अक्षयकोष घोषणा तथा नगद हस्तान्तरण गरेका छन्। पोखरा महानगरपालिका वडा नं. १३ आर्बा स्थायी बसोबास भइ हाल काठमाडौं रहेका मधु प्रसाद बराल, विनोद प्रसाद र विन्ध्येश्वरी बराल संरक्षक रहने गरी स्व. गुरु प्रसाद/गोमादेवी बराल स्मृति अक्षयकोषको रकम एक कार्यक्रमबीच हस्तान्तरण गरिएको विद्यालयका प्रधानाध्यापक डिल्लीराम बरालले जानकारी दिए। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १३ का वडाअध्यक्ष लेख बहादुर तामाङ (दर्शन )ले सबैको साथ, सहयोग र योगदानले मात्र विद्यालयको समग्र शैक्षिक तथा भौतिक विकासमा टेवा पुग्ने बताए। अध्यक्ष लामाले सम्पूर्ण आर्बालीहरुको लामो योगदानबाट विद्यालय अहिलेको स्थितीसम्म आइपुगेको बताउँदै वडा कार्यालयको तर्फबाट विद्यालयको स्तरोन्नतिका लागि पहल गर्ने भने। कार्यक्रममा अक्षयकोष दाताहरुको तर्फबाट संरक्षक मधु प्रसाद बरालले धेरै विद्यालयहरुका बीचमा पनि रतनपाण्डे माध्यमिक विद्यालयमा अक्षयकोष स्थापना गरी सार्वजनिक शिक्षाको सबलीकरणमा टेवा पुऱ्याउन पाएकोमा खुशी व्यक्त गरे। सकारात्मक सोचका धनी मधुले आज बाबाको इच्छा पुरा गराउन सफल हुनुको साथै जीवनमा खुशी भएका क्षण मध्य आज सवै भन्दा बढि आनन्दित भएको भने। समाजसेवी कृष्ण प्रसाद बराल, शिक्षासेवी विष्णुमाया सापकोटा लगायतले विद्यालयले गरेको पछिल्लो शैक्षिक सुधारबाट प्रभावित भएर सो अक्षयकोष स्थापना गरिएको बताए। अक्षयकोष दाताका आफन्त हरिश्चन्द्र सिग्देलले आफ्नो मामा र माइजुको नाममा स्थापना गरिएको अक्षयकोषले शिक्षा क्षेत्रमा ठूलो सहयोग पुग्ने विचार व्यक्त गरे। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वसन्तराज बरालको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य विनोद बरालले स्वागत र सञ्चालन विद्यालयका प्र.अ. डिल्लीराम बरालले गरेका थिए।



# मैत्रीपूर्ण फुटबलको पहिलो खेलमा नेपाल र भारतले बराबरी खेले

रासस
काठमाडौं, १७ भदौ



अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबलको पहिलो खेलमा नेपाल र भारतले बराबरी खेलेका छन् । दुवै टोलीले एक/एक गोलको बराबरी खेलेका हुन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा केहीबेर अघि नेपाल र भारतबीच एक/एक गोलको बराबरीमा खेल सकिएको छ । नेपालले पहिलो हाफमा अग्रता लिएको थियो । सो अग्रतालाई दोस्रो हाफमा कायमै राख्न नसक्दा बराबरी खेल्नु परेको हो । नेपाल पहिलो हाफमा १-० गोलले अगाडि रहेको थियो । नेपालका लागि खेलको ३६औँ मिनेटमा अञ्जन विष्टले गोल गर्नुभएको हो । पहिलो हाफमा भारतीय टोलीले पनि गोलको प्रयास गरे पनि सफल भने हुनसकेन । नेपालले दोस्रो हाफमा पनि गोलको प्रयास गरेको थियो । भारतीय गोलकिपर गुरप्रितसिंह सान्धुले नेपाली टोलीको प्रयास विफल पारिदिनुभयो । मध्यान्तरपछिको खेलमा भारतले नेपालविरुद्ध गोल गर्न सफल भयो । खेलको ६०औँ मिनेटमा भारतका लागि अनिरुद्ध थापाले गोल गर्नुभएको थियो । गोलकिपर किरणकुमार चेम्जोङले उहाँको प्रहार रोक्न सक्नु भएन । आजको खेलसँगै नेपाली गोलकिपर चेम्जोङले नेपालको तर्फबाट सर्वाधिक अन्तर ाष्ट्रिय खेल खेल्ने कीर्तिमान बनाउनुभएका विराज महर्जनसित बराबरी गर्नुभएको छ । महर्जनले नेपाली टोलीबाट सन्यास लिइसक्नु भएको छ । महर्जन र चेम्जोङ नेपाली टोलीबाट समान ७३ खेल खेल्नुभएको छ । नेपाल र भारतबीच दोस्रो मैत्रीपूर्ण खेल आइतबार दशरथ रङ्गशालामा हुनेछ ।

नेपाल र भारबीच आजसहित फुटबलमा २० पटक भिडन्त भएको छ । भारत १३ पटक विजयी भएको छ भने नेपालले दुई चोटी मात्र जित निकाल्न सकेको छ । पाँच खेलमा दुवै टोलीले बराबरी खेलेका छन् । विश्व फुटबल महासङ्घको (फिफा) वरियतानुसार भारत १०५ औँ स्थानमा छ भने नेपाल १६८ स्थानमा रहेको छ ।

# टेलिकमलाई मन्त्री थापाको निर्देशन: उपभोक्तालाई छिटोछरितो सेवा प्रदान गरौं

पोखरापत्र संवाददाता
पोखरा, १७ भदौ

गण्डकी प्रदेशका कानुन,संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले उपभोक्तालाई छिटो छरितो सेवा प्रदान गर्न टेलिकमलाई निर्देशन दिनुभएको छ ।

न े पा ल टेलिकम गण्डकी प्रादेशिक कार्यालय पोखराको अवलोकन गर्दै मन्त्री थापाले समयको परिवर्तन सँगै सेवामा समेतपरिवर्तनहुनुपर्नेआवश्यकतालाई औंल्याउनुभएको हो । उहाँले पहिले टेलिफोनको महशुल तिर्न आउँदा दिनभरीको समय लिएर आउनुपर्ने बाध्यता भएपनि अहिले त्यस्तो स्थिति नभएको उल्लेख गर्नुभयो ।

'पहिले म राष्ट्रबैंकको कर्मचारी हुँदा टेलिफोनको महशुल तिर्न दिनभरी लाइन लगाउनुपर्थ्यो । अहिले त्यस्तो अवस्था छैन । प्रविधिको विकास सँगै हामी पनि परिवर्तशील भएका छौं । घरमै बसेर अनलाइनका माध्यम महशुल तिर्न सक्ने व्यवस्था भएको छ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले आफ्नो मन्त्रालयले संचार क्षेत्रलाई समेत हेर्ने भएकाले धेरै योजनाहरु तय भएको र त्यसको कार्यान्वयनका लागि सबैको



सल्लाह, सुझावको अपेक्षा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, ' मन्त्रालयले सुचना संचार सम्बन्धित केही योजनाहरु अगाडि सारेको छ । बजेट समेत विनियोजन भएको अवस्था छ । त्यसलाई पुरा गर्न प्राविधिक साथीहरुसँग पनि हामीले अवश्य छलफल गर्नेछौं ।' गण्डकी प्रदेश सरकारको गौरवको योजना आइटी पार्कलाई सार्थकता दिने गरी कार्य प्रारम्भ भइसकेको मन्त्री थापाले बताउनुभयो । पार्कको व्यवस्थापनमा नेपाल टेलिकमको भूमिका महत्वपूर्ण रहने विश्वास उहाँको छ ।

गण्डकी प्रदेश भित्रका सरकारी कार्यालयहरुको डाटाहरुलाई सुरक्षित राख्ने गरी डाटा सेन्टरको समेत प्रदेश सरकारले स्थापना गर्न लागेको मन्त्री थापाले जानकारी गराउनुभयो ।

उक्त कार्यलाई उपयुक्त ठाउँको पहिचान गरी सफल बनाउन सबैको सहयोगको अपेक्षा रहेको उहाँले बताउनुभयो । आइटी भिलेज निर्माणको योजनालाई समेत मन्त्रालयले अगाडि सारेको छ ।

मन्त्री थापाले नेपाल टेलिकमको कार्यालय व्यवस्थापनलाई सुदृढ बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभएको छ । उहाँले गण्डकी प्रदेशका हरेक जिल्लामा ' फोरजी' र 'एफटीटीएच' को सेवा सहज ढंगले उपलब्ध गराउन, डाटा र भ्वाईसको गुणस्तरतामा जोड दिन टेलिकमलाई निर्देशन दिनुभएको छ । हरेक नाफामुलक संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्दै थप जिम्मेवार भई गुणस्तरिय र सर्वसुलभ सेवा प्रदान गर्ने भएकाले त्यस तर्फ समेत ध्यान दिन नेपाल टेलिकमलाई उहाँको आग्रह छ । नागरिकका समस्यालाई सहज र सरल ढंगले समाधान गर्ने हेतुका साथ दुरसंचार सेवा प्रदायक संस्थाले प्रदान गर्ने गरेका सेवाको गुणस्तरीयतालाई प्रभावकारी बनाउँदै लैजानुपर्छ आवश्यकतालाई उहाँले औंल्याउनुभयो ।

नेपाल टेलिकम गण्डकी प्रादेशिक कार्यालय पोखराका निर्देशक इन्दल यादवले हाल टेलिकममा १९५ जना कर्मचारी रहेको जानकारी गराउनुभयो । आफुहरुले अहिले एडीएसएल, एफटीटीएच, फोरजी सेवा प्रदान गर्दै आएको भनाई उहाँको छ । प्रदेशका हरेक जिल्लामा टेलिफोन टावरलाई समेत व्यवस्थित गर्दै लगिएको उहाँले बताउनुभयो । ' कभरेज कम भएका प्रदेशका जिल्लाहरुमा सर्भे गरी कभरेजबढाउँदैलगेकाछौं।नागरिकको सुझावलाई आत्मसाथ गर्दै अगाडि बढीरहेका छौं ।', उहाँले भन्नुभयो । ४७७ वटा फोरजी साइडहरुमा ४१८ वटा साइडहरु संचालनमा रहेको जानकारी गराउँदै निर्देशक यादवले अहिले फोरजी, एफटीटीएचलाई नै विशेष जोड गरिएको बताउनुभयो ।

# विपत्तिमा परेका नागरिकको जीवनरक्षामा ध्यान दिन गृहमन्त्रीको निर्देशन

रासस
काठमाडौं, १७ भदौ

गृहमन्त्री बालकृष्ण खाँणले प्राकृतिक विपत्तिमा परेका नागरिकको जीवनरक्षामा ध्यान दिन मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

कास्की, तनहुँ र दाङका विभिन्न क्षेत्रमा विपद्का कारण धनजनको क्षति भएका दुखद् घडीमा तत्तत् जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई नागरिकको जीवनको रक्षाका लागि उपलब्ध स्रोत साधनको भरपुर उपयोग गरेर काम गर्न भन्नुभएको छ । तीनवटै जिल्लामा भएका मनसुनजन्य घटनाका बारेमा जानकारी लिँदै उहाँले विपद् जोखिम न्यूनीकरणमा सक्रियतापूर्वक लाग्न पनि आग्रह गर्नुभयो । गृहमन्त्री खाँणले कास्कीका प्रजिअ थानेश्वर गौतम र तनहुँका सागर आचार्यसँग लगातारको वर्षात् पछिको पहिराले पुऱ्याएको क्षतिबारे जानकारी लिनुभएको हो भने दाङमा बिहान भएको कार दुर्घटनाबारे प्रजिअ रामबहादुर कुरुम्बाङसँग जानकारी लिनुभएको हो ।

तनहुँका प्रजिअ आचार्यले जिल्लाको भानु नगरपालिकाको-११ मानेचौकामा गएको सुक्खा पहिराका कारण १२ घर जोखिममा परेको र उनीहरूलाई सुरक्षित स्थानमा सारिएको जानकारी दिनुभयो । "ती परिवारका लागि अस्थायी टहरा बनाउने काम सशस्त्र प्रहरीले गरिरहेको छ", उहाँले भन्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले पोखरा महानगरपालिकाको-२० र ११ मा गएको पहिरामा परी तीन जनाको मृत्यु भएको र एक जना बेपत्ता रहेको जानकारी गराउनुभयो । उहाँले पाँच जनाको घाइते अवस्थामा उद्धार गरिएको र बेपत्ताको अहिले नेपाल प्रहरी र सशस्त्र प्रहरीले उद्धार जारी राखेको जानकारी दिनुभयो । दाङका प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले सिस्नेखोलाले ३-०१-०२४ च ४४४० नंको कार बगाउँदा घोराही उपमहानगरपालिका-१५ का विमला केसी र राधा कुँवर तथा घोराही उपमहानगरपालिका-१३ का नीतामाया पुन र सुशीला श्रेष्ठको मृत्यु भएको गृहमन्त्री खाँणलाई जानकारी दिनुभयो ।

# दुर्घटनामा एकको मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, १७ भदौ

बोलेरोको ठक्करबाट तनहुँमा एक मोटरसाइकल चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा लमजुङ जिल्ला घर भई हाल भानुनगरपालिका-१ निवासी ३४ वर्षीय सुनिल सार्की रहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको म्याग्दे गाउँपालिका-२ साठीमुरे भन्ने स्थानमा बुधबार साँझ बोलेरोले मोटरसाइकललाई ठक्कर दिँदा सो दुर्घटना भएको हो ।

दमौलीबाट थर्पुतर्फ जाँदै गरेको ग३च २४४३ नंको बोलेरोले विपरीत दिशामा गुडिरहेको बा६५प ४६६० नंको मोटरसाइकललाई ठक्कर दिदाँ मोटरसाइकल चालक सार्की सख्त घाइते भएका थिए । घाइते सार्कीको दमौलीस्थित रत्नहरि अस्पतालमा सामान्य उपचारपश्चात गण्डकी मेडिकलमा सिफारिस गरिएको थियो । उपचारका क्रममा उनको सोही मेडिकलमा मृत्यु भएको हो । बोलेरो र त्यसका चालक म्याग्दे गाउँपालिका-३ का २७ वर्षीय विनोद श्रेष्ठ प्रहरी नियन्त्रणमा छन् । दुर्घटनाका विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक युवराज तिमिल्सेनाले जानकारी दिनुभयो ।




# सभापतिमा हाम्रो साझा उम्मेदवार हुन्छ : वरिष्ठ नेता पौडेल

रासस
काठमाडौं, १७ भदौ

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले आफ्नो समूहबाट आउँदो १४औँ महाधिवेशनमा साझा सभापतिको उम्मेदवार तय गरिने बताउनुभएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा संस्थापन इतर समूहले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा वरिष्ठ नेता पौडेलले महाधिवेशनमा एकताको सन्देश दिन सबै नेताहरु एकैसाथ एउटै मञ्चमा उपस्थित भएको बताउनुभयो । महाधिवेशनका लागि शुक्रबारदेखि देशभर वडा सम्मेलन शुरु हुन लागेको पूर्वसन्ध्यामा पौडेल समूहले आफ्नो समूह छिन्नभिन्न नभएर एक रहेको सन्देश दिन खोजेको थियो । पार्टी बचाउनका लागि पनि आफ्नो समूहबाट एक जनाले मात्र सभापतिमा उम्मेदवारी दिने नेता पौडेलको भनाइ थियो ।

वडा अधिवेशन सुरु हुन लागेकाले सभापतिका लागि एउटै व्यक्तिको नाममा सहमति गर्न अझै समय रहेकाले अहिले नै कुनै व्यक्तिको नाम किटानी नगरेको नेता पौडेले सुनाउनुभयो । आफ्नो समूहबाट कसलाई के जिम्मेवारी दिँदा ठिक हुन्छ भनेर आफूहरुबीच छलफल भइरहेको उहाँले बताउनुभयो । संस्थापन इतर समूहबाट चाँडै नै एक जनाको नाम घोषणा गरिने उहाँको भनाइ थियो । देशभरका कार्यकर्तालाई आफ्नो समूहबाट साझा उम्मेदवार हुनेमा विश्वस्त हुनसमेत उहाँले आग्रह गर्नुभयो । कांग्रेसलाई एकताबद्ध बनाउनमा आफ्नो समूहको प्रयास रहने नेता पौडेलले बताउनुभयो ।

छलफल गरेर नै सभापतिको उम्मेदवार तय गर्ने र कुनै खटपट नगरी एक भएर अगाडि बढ्ने वरिष्ठ नेता पौडेलले प्रष्ट पार्नुभयो । सभापतिलगायत अन्य सबै पदमा छलफलबाटै उम्मेदवार तय गरिने उहाँको भनाइ थियो । अझै पनि क्रियाशील सदस्यताको विवाद समाधान हुन नसकेको र निष्ठावान् कार्यकर्ता क्रियाशील सदस्यताबाट बञ्चित हुने अवस्था सिर्जना भएको नेता पौडेलले बताउनुभयो ।

पत्रकार सम्मेलनमा वरिष्ठ नेता पौडेलसँगै पार्टीका महामन्त्री डा शशाङ्क कोइराला, कोषाध्यक्ष सीतादेवी यादव, पूर्वमहामन्त्री प्रकाशमान सिंह, पूर्वसहमहामन्त्रीद्वय रामशरण महत र अर्जुननरसिंह केसी, केन्द्रीय सदस्य सुजाता कोइराला, दिलेन्द्रप्रसाद बडू, बलबहादुर केसी, डा शेखर कोइराला, मीनेन्द्र रिजाल, धनराज गुरूङ, गगन थापा, सरिता प्रसाईं, किरण यादवलगायत नेता उपस्थित हुनुहुन्थ्यो । पत्रकार सम्मेलनमा १४औँ महाधिवेशनमा महामन्त्रीमा उम्मेदवारी दिने घोषणा गर्नुभएका गगन थापासमेत उपस्थित हुनुहुन्थ्यो । उहाँले सोमबार काठमाडौँ महानगरपालिका-३० मा आयोजित कार्यकर्ता भेलामा केन्द्रीय महामन्त्री पदमा उम्मेदवारी दिने औपचारिकरुपमा घोषणा गर्नुभएको थियो । कांग्रेसको १४औँ महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म काठमाडौँमा हुने तय भएको छ ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# विद्यालय सञ्चालन हुन थाले

रासस
म्याग्दी, १७ भदौ

यहाँका सामुदायिक विद्यालयले करिब पाँच महिनापछि विद्यार्थीको भौतिक उपस्थितिमा पठनपाठन सुरु गरेका छन् । कोरोना जोखिमकाबीच सदरमुकाम बेनी बजारबाहेक ग्रामीण क्षेत्रका ती विद्यालयले स्वास्थ्यमापदण्ड अपनाएर पठनपाठन सञ्चालन गरेका हुन् ।

सरकारले अघि सारेको ‘स्मार्ट लकडाउन’को अवधारणा अनुसार विद्यालयले भौतिक उपस्थितिमा पठनपाठन सञ्चालन गरेका जनाएका छन् । ग्रामीण क्षेत्रका विद्यालयमा अनलाइन कक्षा प्रभावकारी नभएपछि निषेधाज्ञा र समुदाय सिल गर्ने ‘स्मार्ट लकडाउन’ अवधारणाको अभ्यास गरेर विद्यालय सञ्चालन भएको हो । अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरण शर्मा पौडेलले सङ्क्रमणको जोखिम र प्रभावको आधारमा विद्यालय सञ्चालन गरिएको जानकारी दिनुभयो । कार्यपालिकाको निर्णयअनुसार १० माविसमेत सबै ३७ विद्यालय खुल्ला गरी भौतिक रूपमा विद्यार्थी बोलाएर अध्ययन/अध्यापन सुरु भएकामा कोरोना देखिएपछि तीन विद्यालय बन्द छन् । ग्रामीण क्षेत्रका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून छ। मावि तहका विद्यालयमा १५० जनाको हाराहारीमा विद्यार्थी छन् ।

एउटा कक्षाकोठामा २०-२५ बढी विद्यार्थी नभएकाले कोरोनाको सक्रिय सङ्क्रमण नभएको क्षेत्रमा विद्यालय खोल्न उपयुक्त हुने अभिभावकको तर्क छ । न्यून विद्यार्थी भएको, पातलोबस्ती भएका स्थानका विद्यालय सबै खुला गरे पनि गाउँपालिका केन्द्र रहेका र अलि बढी विद्यार्थीको चाप भएका विद्यालयले भने विद्यार्थीको जोरविजोर रोल नम्बरको आधारमा कक्षा सञ्चालन गरेका छन् ।

केही विद्यालयले भीड हुने जनाउँदै बार अनुसार कक्षा चलाएका छन । शिक्षक, विद्यार्थी र समुदायमा सङ्क्रमण देखिए बन्द गर्ने र स्वास्थ्यमापदण्डको पूर्ण पालना गराई भौतिक रूपमै विद्यार्थी राखेर पढाइ सुरु गर्न निर्देशन दिएको मङ्गला गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो । “विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून छ । समुदायमा कोरोना सङ्क्रमण पनि नभएपछि पढाइ किन बन्द गर्ने ?,” उहाँले भन्नुभयो,“जोखिमको आकलन गरी व्यवस्थापन समितिले स्कुल खुलाउने भनेका हौं ।’’ सदरमुकाम बेनीका विद्यालयमा सञ्चालन गरिएको अनलाइन कक्षा प्रभावकारी देखिएको छैन। गत वैशाख २२ गतेदेखि निषेधाज्ञा भएपछि गाउँका घरफर्केका विद्यार्थी पुनः विद्यालयको सम्पर्कमा आएका छैनन् । केही अभिभावकको बुझाइमा अनलाइन कक्षा शुल्क उठाउने माध्यममात्र भएको छ। तर केही निजी विद्यालयले भने अनौपचारिक पोशाकका विद्यार्थी बोलाएर पढाउन थालेका छन् ।

‘‘हामीले भर्चुअलबाट अनलाइन पढाइ गरेका छौं। तर अनलाइन कक्षा भौतिक कक्षाको तुलनामा कम प्रभावकारी देखिएको छ। हाम्रो विद्यालयमा बहुसमुदायबाट विद्यार्थी आउने भएकोले तत्काल भौतिक रूपमा खुल्ने अवस्था छैन,’’ सदरमुकामस्थित प्रकाश माविका प्रअ हरिकृष्ण सुवेदीले भन्नुभयो,“ अनलाइन कक्षालाई सकेसम्म प्रभावकारी बनाउने प्रयासमा छौं ।’’



भौतिक उपस्थितिमा कक्षा सञ्चालन : तनहुँको शुक्लागण्डकी नगरपालिका-९ घारीस्थित तालबेसी माध्यमिक विद्यालयमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गरिँदै । शुक्लागण्डकी नगरपालिकाले अनुमति दिएपछि यहाँका विद्यालय चार महिनापछि सञ्चालनमा आएका छन् । तस्बिर : कृष्ण न्यौपाने/रासस

# कांग्रेसको १४औँ महाधिवेशन : शुक्रबारदेखि ५६ जिल्लामा वडा अधिवेशन प्रारम्भ

–भीष्मराज ओझा
काठमाडौं, १७ भदौ (रासस)

नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत शुक्रबारदेखि गाउँ/नगर वडा अधिवेशन प्रारम्भ हुँदैछ। हालसम्म क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लाका वडामा यही भदौ १८ गतेदेखि वडा अधिवेशन हुन लागेको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

नामावली प्रकाशित भएका सम्बन्धित जिल्लामा जिल्ला निर्वाचन अधिकृतलाई समेत खटाइएको निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो । ती सबै जिल्लामा निर्वाचनका लागि आवश्यक सामग्रीसमेत पठाइसकिएको छ । उहाँले भन्नुभयो, “क्रियाशील सदस्यता सूची भएका वडामा सम्भव भएसम्म सबैमा भोलि नै अधिवेशन हुन्छ, केही वडामा नाम छुटेका र मिलाउनुपर्ने भएको अवस्था समितिको रोहवर एक/दुई दिन पछाडि सार्न सकिन्छ। शुक्रबार कति वडामा अधिवेशन सम्पन्न हुन्छ भन्नेमा चाहिँ अहिले नै यकिन गर्न सकिँदैन ।” करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफ्नो वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्ने कांग्रेस विधानमा उल्लेख छ। वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने व्यवस्था छ । यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् ।

मुलुकभरका सबै छ हजार ७४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र सदस्य एक लाख २१ हजार ६८१ निर्वाचित हुने संयोजक यादवले जानकारी दिनुभयो । यसबाहेक मनोनित हुनेको सङ्ख्या थप रहेको छ । त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन् । कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बाँकी २१ जिल्लाको क्रियाशील सदस्यता नामावली क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने जानकारी दिनुभयो । कांग्रेसको सूचना सञ्चार तथा प्रचार विभागले वडा अधिवेशन आवश्यक प्रक्रिया तथा अन्य सूचनाबारेमा सुसूचित गर्न दृश्य सामग्री प्रसारण गरेको छ।

कांग्रेसको विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभानिर्वाचनक्षेत्र,प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमिति गरी आठ तहगत पार्टी संरचनाका व्यवस्था गरिएको छ।

कांग्रेसले १४ औँ महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७गते,प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामीअसोज१गते,प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकेको छ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

साढे पाँच वर्षपछि हुन लागेको कांग्रेसको आसन्न महाधिवेशनलाई पार्टीका नेताकार्यकताले उत्सवका रूपमा लिएका छन् र अधिवेशनका लागि यतिखेर नेताकार्यकर्ताहरु गाउँगाउँमा पुगेर प्रचार अभियानको अन्तिम चरणमा छन् ।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि पार्टीको तल्लो तहसम्म निर्वाचनमार्फत आन्तरिक प्रजातन्त्रको अभ्यास गर्ने कांग्रेस पहिलो पार्टी बनेको छ । यसअघि कांग्रेसको १३औं महाधिवशेन २०७२ साल फागुनमा सम्पन्न भएको थियो । उक्त महाधिवेशनमा नेताहरु शेरबहादुर देउवा र रामचन्द्र पौडेलबीच मुख्य प्रतिस्पर्धा भई देउवा सभापतिमा निर्वाचित हुनुभएको थियो।

# सवारी दुर्घटनाबाट एक वर्षमा ४८ को मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १७ भदौ

सवारी दुर्घटनाबाट तनहुँमा एक वर्षको अवधिमा ४८ जनाको ज्यान गएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७७/७८ को अवधिमा ३७ पुरुष, आठ महिला र तीन बालकले ज्यान गुमाएका छन् ।

आव २०७६/७७ मा ४४ र आव २०७५/७६ मा ६० जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो । पछिल्ला तीन वर्षको अवधिमा जिल्लामा १५२ जनाको सडक दुर्घटनामा परी मृत्यु भएको छ । ट्राफिक प्रहरी कार्यालयका प्रमुख डोलेन्द्रबहादुर हमालले ७२ किलोमिटर पृथ्वीराजमार्ग रहेको तनहुँ खण्डमा गत वर्ष ९० स्थानमा दुर्घटना भएको जानकारी दिनुभयो । त्यसक्रममा १२८ सवारी साधन दुर्घटनाग्रस्त भएका थिए। उहाँका अनुसार मोटरसाइकल र स्कुटर ६६, ट्रक/ट्याङ्कर १८, जिप/कार १७, ट्र्याक्टर १७, बस पाँच, माइक्रो चार र एउटा टिपर दुर्घटना भएका थिए । दुर्घटनामा ७६ जना गम्भीर र ५१ जना सामान्य घाइते भएको सो कार्यालयले जनाएको छ। जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटना हुने गरेका छन् । दुई पाङ्ग्रे सवारी साधन अत्यधिक भएकाले मोटरसाइकल र स्कुटर बढी दुर्घटनामा पर्ने गरेको हमालले बताउनुभयो । सडकको भौगलिक बनावट र खाल्डाखुल्डी पनि सडक दुर्घटनाको प्रमुख कारण रहेको उहाँले बताउनुभयो । “पृथ्वीराजमार्गका ठाउँ-ठाउँमा खाल्डाखुल्डी छन्, त्यसले पनि दुर्घटनाको जोखिम बढाइरहेको छ”, उहाँले भन्नुभयो । दुर्घटना कम गराउन प्रहरीले अभियान पनि सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो। सवारी चालक र पैदललाई प्रशिक्षणदेखि ‘चालकसँग एक मिनेट’ कार्यक्रम सञ्चालन गरिएको छ । जिल्लामा बढी जसो दुर्घटना पृथ्वी राजमार्गमा हुने गरेका छन् । पृथ्वी राजमार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस बढी दुर्घटना हुने स्थान हुन् । प्रहरीले एक वर्षको अवधिमा २० हजार सवारी साधनलाई कारबाही गरेको छ । नियम उल्लङ्घन गरी सवारी चलाउने २० हजार सवारी साधनलाई कारबाही गर्दा रु एक करोड ३१ लाख २३ हजार ५०० राजस्व सङ्कलन गरिएको छ । कारबाहीमा पर्नेमा पाँच हजार ७४५ ट्रक/टिपर, एक हजार ८१८ बस, चार हजार ७३ कार/जिप, एक हजार ५८७ ट्र्याक्टर, ११३ अन्य र छ हजार ६४६ मोटरसाइकल/स्कुटर छन् । कारबाहीमा पर्नेमा पनि दुई पाङ्ग्रे सवारी अत्यधिक छन् । मोटरसाइकल/स्कुटर कारबाहीबाट मात्रै रु ४६ लाख ७९ हजार ५०० राजस्व सङ्कलन गरिएको सो कार्यालयले जनाएको छ । आव २०७६/७७ मा २१ हजार १५० सवारी साधनलाई कारबाही गर्दा रु एक करोड ३४ लाख ५१ हजार राजस्व सङ्कलन गरिएको थियो । त्यस्तै २०७५/७६ मा २६ हजार ६४६ सवारी साधनलाई कारबाही गर्दा रु एक करोड ६६ लाख ९४ हजार ५०० राजस्व सङ्कलन गरिएको थियो।

# खोला तरेर दूध बिक्री गर्ने बाध्यता

पोखरापत्र संवाददाता
दमौली, १७ भदौ

पक्की पुलको विकल्पमा निर्माण गरिएको अस्थायी डाइभर्सन बगाएपछि तनहुँको व्यास नगरपालिका-१३ बेलवासका कृषक जोखिमपूर्ण तरिकाले खोला तरेर दूध बिक्री गर्न बाध्य भएका छन् ।

गत असार १७ गते आएको बाढीले व्यास नगरपालिका-१ र १३ जोड्ने छाब्दीखोलाको पुल बगाएपछि नगरपालिकाले असार २७ गते अस्थायी डाइभर्सन बनाएको थियो । उक्त डाइभर्सन पनि सोमबारको बाढीले बगाइदिएपछि कृषक थप मारमा परेका हुन् । छाब्दीखोलामा १८ वर्ष अगाडि पक्की पुल निर्माण भएको थियो । अस्थायी डाइभर्सन निर्माणपछि केही सहज भएको यहाँका कृषकलाई पुनः सास्ती भएको बेलवासका कृषक राजन सापकोटाले जानकारी दिनुभयो। “पुल भत्किए लगत्तै पनि यहाँका कृषकले दुःख पाए, अहिले फेरि दुःख भयो,” उहाँले भन्नुभयो, “पुल भत्किएको दश दिनपछि अस्थायी डाइभर्सन बनेकाले सहज भएको थियो, फेरि खोला तरेरै दूध बिक्री गर्न आउनुपरेको छ।”

दूधको क्यान बोकेर खोला तर्दा जोखिम भएको उहाँले बताउनुभयो । “केही दिनदेखि परेको झरीले छाब्दीखोला बढेपछि डाइभर्सन पनि बगायो, अहिले क्यान बोकेर खोला तर्नुपर्दा जोखिम छ”, उहाँले भन्नुभयो। छिटोभन्दा छिटो पक्की पुल निर्माण नभएसम्म यहाँका कृषकलाई सास्ती भइरहने सापकोटाको भनाइ छ।

बेलबासमा ६० भन्दा बढी कृषकले दैनिक रूपमा दूध बिक्री गर्ने गर्दछन् । यहाँबाट दैनिक डेढ लाख भन्दा बढीको दूध बिक्री हुन्छ । “डाइभर्सन भत्किएसँगै पशुलाई खुवाउने दाना ढुवानीमा पनि समस्या आउन सक्छ”, उहाँले भन्नुभयो, “कृषकको समस्यालाई सरोकारवालाले छिटो समाधान गर्नेतर्फ लागोस् ।” बेलबासबाट दैनिक दुई हजार लिटर भन्दा बढी दूध उत्पादन हुने र उक्त दूध सबै सदरमुकामस्थित डेरीबाट बिक्री हुने गरेकामा खोलाको पुल र डाइभर्सन बगाएपछि कृषक मारमा परेको बेलबास दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष लक्ष्मीकान्त मिश्रले जानकारी दिनुभयो । डाइभर्सन बगाएपछि स्थानीयवासीलाई वारपार गर्न पनि समस्या भएको स्थानीयवासी मेघराज आचार्यले बताउनुभयो । “यस्तो पीडा यहाँका जनताले कति दिन सहने हो”, उहाँले भन्नुभयो, “समस्याका बारेमा सबै जानकार भए पनि समाधानमा किन ढिला भइरहेको छ बुझ्न सकेका छेनौं ।” पुल भत्किएर डाइभर्सन बनेपछि यातायात पनि सञ्चालन भइरहेको थियो । तर डाइभर्सन पनि बगाएपछि यातायात अवरुद्ध भएको छ । बुद्धसिं मार्ग अन्तर्गत गर्ने यस ठाउँमा यातायात अवरुद्ध भएपछि दक्षिण भेगसँगको सम्पर्क टुटेको स्थानीयवासी यामबहादुर आलेले बताउनुभयो । यही पुल हुँदै व्यास-१३ को बेलवास, पोखरीभञ्ज्याङ, व्यास-१४ को केशवटार, सुढे, ऋषिङको हुस्लाङ, गुम्लेक, देवघाट, आँबुखैरेनी, बन्दीपुरलगायतका ग्रामीण भेगका बासिन्दा आवतजावत गर्दथे ।

यस ठाउँमा बेलिब्रिज जडानका लागि पूर्वाधार निर्माणको काम भइरहेको छ । भानु नगरपालिका-३ तुरतुरेमा रहेको बेलिब्रिज झिकेर यहाँ राख्नका लागि दुवैतर्फ जीप तयार भइसकेको पूर्वाधार विकास कार्यालयका प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिनुभयो। तर तुरतुरेमा रहेको बेलिब्रिजको केही भाग गत भदौ १ गते बगाइदिएको छ। “बेलिब्रिजको केही भाग ल्याइसकिएको थियो, केही भने मर्स्याङ्दीमा आएको बाढीले बगाइदियो, त्यसकारण पनि केही ढिला हुनगएको छ”, उहाँले भन्नुभयो, “अब अर्को ठाउँबाट ल्याउनका लागि सम्बन्धित निकायमा ध्यानाकर्षण गराएका छौ ।”


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

हार्दिक समवेदना



जन्म : १९९८/११/०१ गते

स्वर्गारोहण : २०७८/०५/१२ गते

स्व. सुवर्ण कुमार ब्रजाचार्य

पतंजलि योग समिति राममन्दिर पोखरा-९ की सह-शिक्षक संगिता ब्रजाचार्यका पुजनीय ससुरा बाबा तथा सुजन ब्रजाचार्यका पुजनीय बुबा **सुवर्ण कुमार ब्रजाचार्य** को ८० वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले यस योग समितिलाई मर्माहत एवं स्तब्ध बनाएको छ। यस दुःखद घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

पतंजलि योग समिति राममन्दिर पोखरा-९ परिवार

गण्डकी प्रदेश पतंजलि योग समिति परिवार